लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

पत्र सं.:- २०८२/०८३

सूचना नं.:- ९५

लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय यसम, ओखलढुंगा कोशी प्रदेश, नेपाल स्था: २०७३

मितिः- २०८३/०३/३२

ने.सं. ११४६. दिल्लाथ्व २ बिहीबार

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नवीकरण सम्बन्धमा अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८३/०३/३१ को प्राप्त पत्र तथा सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (९) बमोजिम यस गाउँपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका सम्पूर्ण लाभग्राहीहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

आर्थिक वर्ष २०८३/०८४ मा सामाजिक सुरक्षा भत्ता प्राप्तिलाई निरन्तरता दिनका लागि **असोज मसान्तभित्र** अनिवार्य रूपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गरिसक्नुपर्ने प्रावधान रहेको र सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सूचना अनुसार बायोमेट्रिक रुजु गर्नु पर्ने भएकोले **बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय र ९० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन बाधा नपर्ने** र अन्य व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हुँदा सोही अनुसार यस गाउँपालिकाका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले **२०८३ श्रावण १ गतेदेखि असोज मसान्त सम्म** आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत Biometric गरिसकेको अवस्थामा) तपसिलका कागजात सहित स्वयम् उपस्थित भई आ.व. २०८३/०८४ का लागि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न/गराउन हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**पुनश्चः-** तोकिएको अवधि (असोज मसान्त) भित्र परिचयपत्र नवीकरण नगराएको खण्डमा भत्ता प्राप्त गर्न बाधा पुग्नेछ र सोको जिम्मेवार स्वयं लाभग्राही/संरक्षक हुनुपर्ने व्यहोरा समेत सूचित गरिन्छ।

प्रमुख प्रशासकीय अधिकृत

Web: likhumunokhaldhunga.gov.np
Email: likhumun.civilreg@gmail.com ,
likhurmokhaldhunga@gmail.com

"लिखु गाँउपालिकाको दृष्टि, सुशासन मार्फत् समृद्धि"

लिखु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यसम, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

पत्र सं.:- २०८२/०८३

## आवश्यक कागजातहरु:-

| सामाजिक सुरक्षा भत्ताको किसिम | आवश्यक कागजात | कैफियत |
|---|---|---|
| ज्येष्ठ नागरिक अन्य | नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | स्वयं उपस्थित हुनु पर्ने । |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | स्वयं उपस्थित हुनु पर्ने । |
| ज्येष्ठ नागरिक (एकल) महिला भत्ता | नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | स्वयं उपस्थित हुनु पर्ने । |
| पूर्ण अपाङ्गता (क) वर्ग र अति अशक्त अपाङ्गता (ख) वर्ग | नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, आ.व. २०८३/०८४ को लागि नविकरण गरिएको अपाङ्गता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | संरक्षक सहित उपस्थित हुनु पर्ने । |
| विधवा | नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, पतिको मृत्यु दर्ता प्रमाण-पत्रको प्रतिलिपी, अविवाहित प्रमाण-पत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | स्वयं उपस्थित हुनु पर्ने । |
| ५ वर्ष मुनिका दलित बालबालिका | जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, संरक्षकको नागरिकताको प्रतिलिपी । | बालबालिका सहित संरक्षक उपस्थित हुनु पर्ने । |
| नोट- हाल सालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रती सबै समूहहरुको लागि। | | |

प्रमुख प्रशासकीय अधिकृत